# चक्रव्यूह नगरमा अभिमन्युमा अभिव्यञ्जित यथार्थ

*धनप्रसाद सुवेदी**

**लेखसार**

**यस आलेखमा कवि सुरेश हाचेकालीद्वारा लिखित चक्रव्यूह नगरमा अभिमन्यु (२०७०) लामो कवितामा अभिव्यञ्जित यथार्थका बारेको अध्ययन प्रस्तुत गरिएको छ । यो आलेख कृतिपरक अनुसन्धानमूलक समालोचना हो । यसमा लामोकविताको परिचय दिँदै नेपाली लामो कविताको ऐतिहासिक सन्दर्भमा प्रस्तुत कृतिको सन्दर्भ उल्लेख गरिएको छ र यही पूर्वसन्दर्भसहित प्रस्तुत कृतिमा अभिव्यञ्जित यथार्थको खोजी गरिएको छ । प्रस्तुत कृतिमा नेपाली शासन व्यवस्थामा देखिएको भ्रष्टाचार, विकृति, विसङ्गति र युवाहरूमा देखिएको सहर पस्ने मोहका कारण आजका नेपाली युवाहरू समस्याग्रस्त छन् भन्ने विषयको वर्णन गरिएको छ । युवाहरू रोजगारी र अवसरको खोजीका लागि देशको राजधानीमा काठमाडौँमा केन्द्रित छन् । तर काठमाडौँ सहर युवाहरूका लागि अनुकूल छैन । यो सहर एक प्रकारको चक्रव्यूह जस्तै छ र यसमा पसेका युवाहरू चक्रव्यूहमा परेका अभिमन्यु जस्तै बनेका छन् । त्यसैले अबका युवाहरु यस चक्रव्यूहबाट बाहिर निस्कनुपर्छ र काठमाडौँ छाडेर आफ्ना आफ्ना गाउँठाउँमा गएर त्यहाँको जमिन, स्रोत, साधन आदिको उपयोग गर्नाका साथै नेपाली मौलिक संस्कृति तथा मूल्य, मान्यताको संवर्धन गर्नुपर्छ भन्ने कविको आग्रह छ । यही आग्रह नै यस कृतिको सार हो । यसप्रकार कवि हाचेकालीकृत प्रस्तुत कृतिमा समकालीन नेपाली जीवनको यथार्थलाई सफलतापूर्वक प्रतिबिम्बन गरेको पाइन्छ ।**

**मुख्य शब्दावली :** चक्रव्यूह, अभिमन्यु, लामो कविता, यथार्थ, आख्यान, कवित्व ।

## विषय प्रवेश

अङ्ग्रेजी साहित्यमा एम.फिल गरी प्राध्यापन पेसामा संलग्न ढुण्डीराज निरौलाको साहित्यिक नाम सुरेश हाचेकाली हो । वि. सं. २०३३ मा खोटाङ जिल्लाको कुभिन्डेमा जन्मिएका हाचेकाली कवि तथा समालोचक हुन् र उनका कविता तथा समालोचना प्रकाशित छन् । उनले साथीहरूसँग मिलेर 'चक्रव्यूह संचेतना' नामक समालोचना सिद्धान्तको प्रतिपादन समेत गरेका छन् । **सीमान्त आमाहरू** (कविता सङ्ग्रह, २०६६) र **चक्रव्यूह नगरमा अभिमन्यु** (लामो कविता, २०७०) र **पृथ्वी सवाई** (कविता सङ्ग्रह, २०७५) उनका हालसम्म प्रकाशित कृति हुन् । नेपाली साहित्यमा विशेष गरी मोहन कोइरालाले लामो कविता लेखन परम्परालाई एउटा बाटो देखाउने काम गरे र लामो कविता पनि नेपाली साहित्यको एउटा विशिष्ट परम्पराका रूपमा स्थापित भयो । तर यो परम्परा अझै पनि समृद्ध भइसकेको छैन र पछिल्लो समयमा लामो कविता लेखनमा कविहरू त्यति सक्रिय देखिँदैन । हाचेकालीको

* डा. सुवेदी पाटन संयुक्त क्याम्पसमा नेपाली विषयका उप प्राध्यापक हुनुहुन्छ ।

प्रस्तुत कृतिले नेपाली लामो कविता लेखन यात्रालाई झकझकाउने काम गरेको छ । यसर्थ **चक्रव्यूह नगरमा अभिमन्यु** नेपाली कविता परम्परामा एउटा महत्त्वपूर्ण प्राप्ति मान्न सकिन्छ। यस आलेखमा यही कृतिको विश्लेषण गरिएको छ । प्रस्तुत कृतिमा समकालीन यथार्थको चित्रण के कसरी भएको छ भन्ने विषयको खोजी यहाँ गरिएको छ ।

## समस्या र उद्देश्य

**चक्रव्यूह नगरमा अभिमन्यु** लामो कवितामा समकालीन नेपालको अवस्था र नेपाली जनताले भोग्नु परेका अभाव, दुःख, बेथिति आदिको कलात्मक चित्रण गरिएको छ । यस कृतिमा चित्रित नेपाली समाज र नेपालीले भोग्नु परेको अवस्थाको खोजी गर्नु नै यस शोधको मुख्य उद्देश्य हो । **चक्रव्यूह नगरमा अभिमन्यु** कृतिमा चित्रित परिवेश कस्तो छ ? र त्यस परिवेशमा आजको मान्छे (मूलतः नेपाली) कसरी बाँचिरहेको छ ? भन्ने प्रश्न नै यस शोधका समस्या हुन् र यिनै समस्यामा केन्द्रित रहेर चक्रव्यूह नगरमा अभिमन्यु कृतिको परिवेशको विश्लेषण गर्नु र त्यस परिवेशमा आजको मान्छेले भोग्नु परेको यथार्थको विश्लेषण गर्नु यसका उद्देश्य रहेका छन् ।

## सामग्री सङ्कलन र विश्लेषण विधि

यस शोध लेखमा **चक्रव्यूह नगरमा अभिमन्यु** कृतिमा केन्द्रित भएर त्यसमा चित्रित परिवेश र त्यस परिवेशमा मान्छेले भोग्नु परेको यथार्थको विश्लेषण गरिएको छ । त्यसैले यस शोधको प्राथमिक सामग्री भनेको प्रस्तुत कृति नै हो । नेपाली लामोकविता परम्परा, लामो कविताको सैद्धान्तिक आधार तथा त्यसको संरचना र समकालीन नेपाली यथार्थको अध्ययनका लागि विभिन्न कृतिहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यस लेखका लागि आवश्यक सामग्रीहरूको सङ्कलन पुस्तकालयबाट गरिएको छ । यसमा मुख्यतः आगमन विधिको प्रयोग गरी प्रस्तुत कृतिको विश्लेषण गरिएको छ र यसका निष्कर्षहरूको प्रामाणिकताका लागि द्वितीयक सन्दर्भहरूलाई उपयोग गरिएको छ ।

## सैद्धान्तिक आधार : लामो कविता र नेपाली लामो कविता परम्परा

लामो कविता कविताको मझौला आयाम हो । कविताको मझौला आयाममा खण्डकाव्य र लामो कविता पर्छन् । कविताका मझौला रूपमा रहेका खण्डकाव्य र लामो कविताका बिचमा भिन्नता ल्याउने मुख्य आधार आख्यान तत्त्व हो । खण्डकाव्य प्रबन्धात्मक हुन्छ र त्यसमा आख्यान र कवित्वका बिचमा सन्तुलन हुनुपर्छ भन्ने मान्यता छ । लामो कवितामा आख्यान नहुन सक्छ र भए पनि त्यो झिनो रूपमा रहन्छ । खण्डकाव्यमा आख्यान व्यवस्थित रूपमा आउँछ । लामो कवितामा आख्यान विशृङ्खलित रूपमा पनि आउन सक्छ (प्रधान, २०५९ : ५-६) ।

लामो कवितामा आख्यानभन्दा बढी कविको अन्तःचेतनाको भावाव्यक्ति हुन्छ । यसमा बढी मात्रमा कविको चेतना प्रवाहमय भएर बग्छ । यसमा क्रम भत्केको हुन्छ । यसले परम्परागत छन्दका अनुशासनलाई उलङ्घन गर्छ । यसमा कुनै भाव सङ्गठित रूपमा मूर्त भएर आउनुपर्छ भन्ने हुँदैन । लामो कवितामा चिन्तन छरिएर आउन सक्छ । लामो कवितामा मुक्तता वा पलायनताको प्रविधि हुन्छ । शास्त्रीयतादेखि आधुनिकतातिर, भाव पक्षबाट बुद्धि पक्षतिर, मूर्तताबाट अमूर्ततातिरको पलायन नै लामो कविताको विशेषता हो (प्रधान, २०५९ : ५-८) ।

नेपाली भाषामा कविता लेखनको थालनी आधुनिक नेपालको स्थापना (१८२५, २६ तिर) बाट भएको हो । सुरुमा राजा महाराजाका स्तुति, प्रशंसामा कविता लेखिए जसलाई हामी वीरधाराका कविता भनेर अध्ययन गर्छौं । वीरधारापछि धर्म, भक्ति आदिमा आधारित विशेष गरी संस्कृतबाट अनूदित कविताहरू लेखिन थाले । नेपाली कविता परम्परामा यसलाई भक्तिधारा भनिन्छ । भक्तिधारामा पनि कृष्णभक्ति, रामभक्ति, निर्गुणभक्ति जस्ता उपधाराहरू देखापरे (श्रेष्ठ र शर्मा, २०६४ : २४-३९) ।

भक्तिधारापछि नेपाली कवितामा शृङ्गारिक, परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी हुँदै विभिन्न धारा र प्रवृत्ति देखा परे । यसरी नै नेपाली कवितामा लघुतम आयामका मुक्तकदेखि फुटकर कविता, खण्डकाव्य र महाकाव्य स्तरका रचनाहरू पनि प्रकाशित भए । यही क्रममा खण्डकाव्यको समकक्षी लामो कविता पनि लेखिन थाले । नेपाली कविता परम्परामा लेखनाथ पौड्यालको **पिँजराको सुगा**, माधव घिमिरेको **पापिनी आमा** आदि कवितामा लामो कविताका विशेषताहरू पाइन्छन् । मोहन कोइरालाका **लेक**, **सारङ्गी**, **सूर्यदान**, **नदी किनारका माझी**, ईश्वर वल्लभको **एउटा सहरको किनारामा**, तुलसी दिवसको **बसकी एउटी बुढीलाई देखेर**, पारिजातको **लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र**, पूर्णविरामको **सङ्केत**, क्षेत्रप्रताप अधिकारीको **सपनाको सहर**, विमल निभाको **मेरो कविता पर्वाह गर्दैन तिम्रो**, खुमनारायण पौडेलको **सम्भावना र प्रश्नहरूको जङ्गलमा** आदि कविता कृतिहरू लामो कविताको संरचनामा रहेका छन् (शर्मा, २०५५ : १०५) ।

नेपाली लामा कविता सिर्जन प्रक्रियामा वैरागी काइँलाको **अस्तित्वको दाबीमा साबातको बैला उत्सव** (२०२१), जगदीश शमशेरको **कान्छी सहर जान्छे** (२०२१), रत्नशमशेर थापाका **कुइराले आँखा उघार्छ-हुस्सुभित्र** (२०२१), **क्षितिजको भुत्ला आज बोकाको सपना** (२०२८), मोहन कोइरालाका **सूर्यदान** (२०२२), **लेक** (२०२३), **पलङ न. २१** (२०२८), **नुन शिखरहरूमा** (२०३१), **हिमाल आरोहण माग्छ**, **एउटा पपलरको पात**, **युद्ध वर्जित सहर**, गुमानसिंह चाम्लिङका **सूर्य उदाउनुभन्दा पहिल्यै** (२०२५), **कारगारभित्र प्रतीक्षा त्यो अन्तिम फैसलाको** (२०३४), असीत राईको **अक्टोपस** (२०२८), जीवन थिङको **नर्सिसस** (२०२९), ईश्वर वल्लभका **मेरो आमाले आत्महत्या गरेको देश** (२०२९), **अग्निद्वीप** (२०३१), बालकृष्ण समको **अवतार दर्शन** (२०३०), कृष्णभूषण बलको **दाज्यू तिम्रो हात चाहिन्छ** (२०३४), बासु

शशीको **जे होस्, तिमी त्यति टाढा** (२०३५), नरेश खातीको **हस्ताक्षर** (२०३५), जनार्दन जोशीको **हस्पिटलको कैदी क्याबिन नं. एकमा** (२०३६), **आवाजको खोल** (२०४५), **अनन्त यात्रा** (२०४५), **तिमीलाई खोज्दा** (२०४५), मदन रेग्मीको **आजाजुजे पहाड र घाउको आँखा** (२०३६), शरद क्षेत्रीका **पर्यटन** (२०३६), **महानिशा** (२०४३), युद्धवीर राणाको **चिहान नपाएका तक्माहरू** (२०३८), सरुभक्तको **बोक्सीको आह्वान र घोषणापत्र** (२०४०), वानीरा गिरीको **मेरो आविष्कार** (२०४१), तोया गुरुङका **सूर्यदह** (२०४२), **धुपी** (२०५२), महेश प्रसाईका **आशीर्वचन म हवन गर्छु, समीधा र ती सबैका आग्रह** (२०४२), शैलेन्दुप्रकाश नेपालको **वेदना बोल्छ** (२०४२), केवलचन्द्र लामाको **खण्ड अखण्ड** (२०४७), दिनेश अधिकारीको **इन्द्रजात्रा** (२०५१), मञ्जुलको **चोकटी कविता** आदि उल्लेख्य रहेका छन् (प्रधान, २०५९ : १८-१९) । यिनै कविता परम्परामा सुरेश हाचेकालीको **चक्रव्यूह नगरमा अभिमन्यु** (२०७०) प्रकाशित भएको पाइन्छ ।

## चक्रव्यूह नगरमा अभिमन्यु : विषयवस्तु र कवित्व

हाचेकालीको **चक्रव्यूह नगरमा अभिमन्यु** लामो कवितामा समकालीन नेपालीले भोगेका पीडा, विवशता आदिको चित्रण गरिएको छ । अभिमन्यु महाभारतको एउटा पात्र हो । महाभारतको कथाअनुसार अर्जुन र सुभद्राको छोरो अभिमन्यु बालक भए पनि वीर थियो । उसले चक्रव्यूहभित्र पस्न जानेको थियो तर निस्कन जानेको थिएन । यस्तैमा महाभारतको युद्धमा उसलाई चक्रव्यूहमा पारियो र निर्मम तरिकाले हत्या गरियो । त्यही अभिमन्युको मिथकमा यो कविता लेखिएको छ । डान्स रेस्टुरेन्ट, बिजिनेस कम्प्लेक्स, जग्गा दलाली, वैदेशिक रोजगारीको सपना, मारबाडीको दोकानजस्ता प्लस टु कलेज, नेटवर्किङ बिजिनेस, जोखिमयुक्त र तँछाडमछाडमय जीवनचर्या, शैक्षिक तर बेरोजगारी अवस्थासमेतको समष्टिबाट एउटा पार पाइनस्कने खालको चक्रव्यूह निर्माण भएको उल्लेख गर्दै त्यही चक्रव्यूहमा गणतान्त्रिक नेपालका नागरिकहरू रुमलिरहेको सन्दर्भबाट कविताको उठान गरिएको छ । महाभारतको अभिमन्युलाई उनका बाबु अर्जुनले चक्रव्यूहमा पस्ने कला सिकाएका थिए तर निस्कने कला सिकाएका थिएनन् अर्थात् सिकाउन भ्याएका थिएनन् । अहिलेका अभिमन्युलाई पनि आफ्ना बाबु अर्जुनबहादुर (अगुवा) ले काठमाडौँ सहर, उत्तरआधुनिक सहर जस्ता अनेक रहस्यहरूको उद्घाटन गर्न सकेका छैनन् । यसलाई कविले यसरी लेखेका छन् :

अर्जुनबहादुर

अभिमन्युका बा

...........

अक्षर नपुगेको अँध्यारो प्रदेशबाट

उनले देखे

अक्षरै अक्षरको ज्योतिमय सहर
आफ्नै ज्ञानको गच्छे अनुसार
उनले कहे सहरको कथा
बखाने रोमाञ्चक वृत्तान्त
जसमा थियो
सहर पुग्ने मार्गचित्र
तर थिएन त्यहाँ
पटक्कै थिएन
कुनै मार्गचित्र
कसरी गर्ने प्रतिस्पर्धा
दुर्गमको छोराले सुगमको छोरासित
भित्तापाखाकी छोरीले ड्याज्लिङ नगरकी छोरीसित (हाचेकाली, २०७० : १६-१७) ।

नेपालमा युवाहरूलाई उपयोग मात्र गरियो । राजनीतिक दलले कार्यकर्ता बनाए, आन्दोलनमा लगाए तर सक्षम र स्वावलम्बी बनाउनेतिर कुनै योजना ल्याएनन् । युवाहरू शिक्षित भए तर व्यवहारोपयोगी शिक्षाका अभावमा उनीहरू बेरोजगार भए । आजका अधिकांश युवाहरूको उर्वर समय राजनीतिक आन्दोलनमै बित्यो । यसैले युवाहरू अभिमन्यु हुन विवश छन् भन्ने कुरालाई कवितामा यसरी प्रतिबिम्बन गरिएको छ :

चक्रपथभित्रको भावर चक्रव्यूहमा
फसेको फस्यै छ अभिमन्यु
डेढ दशकदेखि
पार्टी कार्यकर्ता भएर
कम्ती हल्लाएन उसले
फर्फराउँदो रातो झन्डा
यही चक्रपथभित्रको छली जग्गामा
कम्ती उरालेन गगनभेदी नारा
निरङ्कुशताको उछितो काढ्ने गरी
कम्ती फुलाएन घाँटीको नसा
कम्ती उमालेन तन्नेरी खुन
कम्ती उज्याएन मुठी चुरे महलहरूतिर (हाचेकाली, २०७० : १७-१८) ।

नेपालमा विकासका हावादारी सपना धेरै बाँडियो तर त्यसको ठोस योजना र कार्यान्वयन भने भएन। देशका बुद्धिजीवी, प्रशासक, व्यवसायी कोही पनि इमानदार भएनन्। त्यसैले देश पछि पऱ्यो । जनताहरू केवल हावादारी आश्वासन सुन्न बाध्य भए । कवि लेख्छन् :

प्राध्यापक सपनाको बेर्ना बाँड्छन्
स्वप्नधारी तरुण आँखामा
शिक्षा व्यवसायी छर्छन्
सपनाको महत्त्वाकांक्षी बिउ
जर्जर राष्ट्रको अस्थिपन्जर ब्याडमा
राजनेता
ऋतु फेरिनुको सङ्क्रमणसँगै
सपनाको पुष्पदल छर्छन्
आहत जनताको मनोब्याडमा
“म यो देशलाई सिङ्गापुर बनाउँछु
म यो देशलाई स्विजरल्यान्ड बनाउँछु
म यो देशलाई समाजवादी बनाउँछु। (हाचेकाली, २०७० : १९)।

अधिकांश नेपाली युवा कामको खोजीमा विदेशमा छन्, कठिन र जोखिम काम गर्न विवश छन्। देशभित्र उपाय नदेखेपछि जो कोही युवा विदेश जाने विकल्प सोच्छ। नेपाली युवाको यस्तो विवशतालाई यस कवितामा यसरी चर्चा गरिएको छ :

चमकदार भाइहरू
लखेट्दैछन् कतै उँटका लस्कर
माझ्दै छन् कतै होटलमा जुठा भाँडा
डँडाल्नो दोब्र्याएर
पुछ्दै छन् कतै रेस्टुराँको भुइँ
सोहोर्दै छन् कतै हिउँको चाङ
छिर्दै छन् कतै कोइलाखाँदको सुरुङ (हाचेकाली, २०७० : २०)।

नेपाली समाजमा जातीय, क्षेत्रीय विभेदले पनि युवाहरूलाई अगाडि बढ्न बाधा पुऱ्याइरहेको छ । थेप्चो नाक, चुच्चो नाक, पर्वते, मधिसी, तागाधारी, मतवाली जस्ता जातीय, क्षेत्रीय विभाजनले पनि नेपाली नेपाली बिचमा विभेद रहेको छ। नेपालमा चल्दै

आएको शासन व्यवस्थाभित्रका विकृति, शोषण र त्यसका विरुद्ध जनताले सङ्घर्ष गरिरहनु परेको अवस्था र त्यस्ता सङ्घर्षमा युवाहरूले आफ्नो उर्वर उमेर त्याग गर्नु परेको अवस्थाले पनि युवाहरू अभिमन्यु बन्न विवश बनेका हुन् भन्ने कविको ठहर छ । देशको शासन व्यवस्थाका बारेमा कवि लेख्छन् :

नौसिङ्गे छन्
यो थेतरो राज्यले कोरेका विधान
यो अचाड्ु राज्यले कोरेका कानुन
फसाएर भाषाको चक्रव्यूहमा
चलेकै छ
अभिमन्यु र उसको पुस्तामाथि
रोगी परम्पराको सनातन राज (हाचेकाली, २०७० : ३८) ।

नेपालमा जनताले पाउने सेवा, सुविधा र अवसर सीमित छन् र जे जति उपलब्ध छन्, ती काठमाडौँमा मात्रै उपलब्ध हुन्छन् । शिक्षा, स्वास्थ्य, रोजगार आदिका सीमित अवसरका लागि पनि राजधानी काठमाडौँ आउनुपर्ने विवशता छ । यसैले काठमाडौँ सहरमा जनसङ्ख्याको चाप छ । अव्यवस्थित सहरीकरण र अव्यवस्थाबाट लथालिङ्ग र घिनलाग्दो भएको काठमाडौँमा मानिसहरू ट्राफिक जाम, प्रदूषण आदिका साथै महँगी, बेरोजगारीका अनेक समस्यासँग जुध्दै यही काठमाडौँमा भौँतारिरहेका छन् । यसरी भौतारिनेमा मुख्य युवाहरू छन् । ती युवाहरूको प्रतिनिधि पात्रका रूपमा यहाँ अभिमन्युलाई उभ्याइएको छ । काठमाडौँमा सबैथोक पाइन्छ भन्ने ठानेर यहाँ थुप्रिन आउने प्रवृत्तिप्रति कविको तीव्र असन्तुष्टि छ, उनी लेख्छन् :

आन्तरिक आप्रवासीको हुल
यसरी ओइरिन्छ
सपनैसपनाको चक्रव्यूह राजधानीमा
मानौँ
वनपालेले भर्खरै फुक्का गरेको
रुपियैरुपियाँको मभ्फौला जङ्गल छ यहाँ
मनमौजी टिप्न सकिन्छ
भोर्लाको पातजस्ता
हरिया हरिया नोटका मुठा
घाँसे डोकोमा
भित्र्याउन सकिन्छ छाँद कसेर (हाचेकाली, २०७० : ३९) ।

नेपाली युवाहरू गरिबी, बेरोजगारी जस्ता अनेक समस्यासँग जुध्नका लागि विवश छन् । देशका दुर्गम गाउँहरूमा अनेक समस्या छन् । राज्य जनताप्रति उत्तरदायी हुन त परै छाडौँ, बरु पीडक छ । यसलाई कविले यसरी चर्चा गरेका छन् :

मुटुकजेलो विहीन असंवेदनशील राज्य
ऋण थोपर्छ
कर थोपर्छ
प्रसूत हुनुपूर्वको

अनेक समस्याका कारण आजका युवाहरू पार लाउन नसक्ने भुँमरी वा चक्रव्यूहमा अल्मलिएका छन् । युवाहरू चक्रव्यूहबाट निस्कने प्रयत्नमा छन् तर सकिरहेका छैनन् । यसलाई कविले यसरी चर्चा गरेका छन् :

पञ्चाग्नि ताप्ने त्रेतायुगीन ऋषिजस्तो
अभिमन्यु तापिरहेछ
दुर्भाग्यपरिवेष्ठित शरीरले
बेरोजगारीको दावानल
महङ्गीको दावानल
असुरक्षाको दावानल
भ्रष्टाचारको दावानल
प्रदूषणको दावानल
यी दवानलै दावानलको चक्रव्यूहबाट
खोजिहेछ ऊ उन्मुक्ति (हाचेकाली, २०७० : ४३) ।

नेपालमा नायकत्वको अभाव छ । आशा गरिएको नेता, नेतृत्व निष्ठामा टिक्न सक्तैन । सत्तामा पुग्नासाथ आफ्ना आदर्श र विगतका त्यागसमेत भुलेर नातावाद, परिवारवाद, भ्रष्टाचार आदिमा चुर्लुम्ब डुब्छन् । त्यसले गर्दा देश विकास हुन सक्तैन र जनता गरिबी, बेरोजगार, शोषण, उत्पीडन आदिको चक्रव्यूहबाट मुक्त हुन सक्तैनन् भन्ने कविको ठम्याइ छ, जस्तै :

अभिमन्यु कुरिरहेछ
एउटा मुक्तिदाता
किन हुँदैन यहाँ
कुनै मसिहाको 'सेकेन्ड कमिङ'
किन चिप्लिन्छ
मसिहा हुँ भन्दै आउने मान्छे
भ्रष्टाचारको रात्माटे ओरालोमा
मानौँ

परिरहेछ झरी
बढिरहेछ गिजगिजे हिलो
अडिदैन कुनै पनि महापुरुष
सदाचारको नडग्मगाउने फुटहोल्डमा (हाचेकाली, २०७० : ४३) ।

सहरमा मानवता छैन । जताततै स्वार्थ छ । मानिस अत्यन्तै व्यक्तिवादी छन् । काठमाडौँलाई एउटा तातो हाँडी र जनतालाई त्यस हाँडीमा भुटिएका मकैको प्रतीकका रूपमा लिँदै कवितामा यसरी चित्रण गरिएको छ :

धुवैंधुवाँले भरिएको तातो हाँडी काठमाडौँ
मकैका दानाजस्ता मान्छे
पड्किन्छन् कोही
उछिट्टिन्छन् कोही
फूल उठ्छन् कोही
ठेट्नै बस्छन् कोही
ठोकिन्छन् एक अर्कामाथि
धुवाँको कुहिरीमण्डलमा
अनुहार हराएका लाखौँ अभिमन्यु (हाचेकाली, २०७० : ४४-४५) ।

नेपालमा केही टाढाबाठा मान्छेले मात्र फाइदा लिन सकेका छन् । अव्यवस्था, शोषण, भ्रष्टाचार आदिका कारण नेपालमा वर्गीय असमानताको ठुलो खाडल छ । अधिकांश जनता गरिबी, अभाव, रोग, अशिक्षा आदिबाट ग्रसित छन् । केही टाठाबाठाहरू भने मोज गरिररहेका छन् । कवि लेख्छन् :

कति हेरोस् अभिमन्यु
गरिबी र बेरोजगारीलाई खिसी गर्ने
होर्डिङ बोर्डका प्रतीक
सुकिला मान्छे
चिल्ला कार
र गगनचुम्बी महल (हाचेकाली, २०७० : ४६) ।

सहर अर्थात् काठमाडौँमा अलिकति पनि संवेदना छैन भन्दै यसलाई संवेदनहीन सहरका रूपमा चित्रण गरिएको छ, जस्तै :

ढाँडबारीबाट
स्यालफ्रुसोको गाछीहरू मासिएजस्तै
आकाशचुम्बी महलबारीबाट
ठाडै सुकी मरे

संवेदनाका सर्लक्क सर्लक्क गाछीहरू ।
संवेदनाको देहान्तपछि
बसिनसक्नु छ
खेपिनसक्नु छ
हेरिनसक्नु छ (हाचेकाली, २०७० : ४८-४९) ।

अव्यवस्था, खराब शासन व्यवस्थाका कारण आजको युवा वर्ग र केटाकेटीहरू खराब आदतमा फसेका छन् । नेपाल बन्द गराउँदै हिँड्ने, सडकमा टायर बाल्ने, सवारीसाधनमा ढुङ्गा हान्दै हिँड्ने, घरका झ्यालका सिसा फुटाइदिने, तर्कारी व्यापारीका ठेला गाडा उल्ट्याइदिने, नारा जुलुस लगाउँदै हिँड्ने जस्ता काममा युवा र केटाकेटीहरू हिँड्न विवश छन् । यसैगरी युवाहरू जाँड, रक्सी, चुरोट, तास, जुवा जस्ता दुर्व्यसनको लतमा परिररहेका छन् । यसले नेपालको भविष्य अझै खराब बन्ने देखिन्छ भन्ने कविको चिन्ता छ ।

यसरी जताततै अव्यवस्था, शोषण, दुव्यर्सनको मार खपेर काठमाडौँ सहरमा थुप्रिएको युवा जमातलाई कवि गाउँ फर्काउन चाहन्छन् । गाउँका जग्गा जमिन बाँझै राखेर, वृद्ध आमाबाबुलाई घरमा एक्लै छाडेर काठमाडौँमा बेरोजगार बस्नुभन्दा गाउँमा फर्किएर खेती वा अन्य कुनै उद्योग, व्यवसाय गरेर बस्नुपर्छ भनेर कवि आजका युवालाई आग्रह गर्न चाहन्छन् । त्यसरी सहर छाडेर गाउँ फर्किनु भनेको चक्रव्यूहबाट निस्केर मोक्षव्यूहतिर लाग्नु हो भन्ने कविको धारणा छ :

यो सहरिया जालन्धर चक्रव्यूह फुटाएर
निस्कँदै छ अभिमन्यु
महानगरबाहिर
रच्नका लागि मोक्षव्यूह
दुत्कार्दै
नातावादी, पक्षपाती केन्द्रलाई (हाचेकाली, २०७० : ६४) ।

काठमाडौँ वा सहरकेन्द्रित युवा जमातलाई गाउँ फकाउनुपर्छ भन्ने आग्रह यस कविता कृतिको सारवस्तु हो । सहरमा अव्यवस्था, प्रदूषण, शोषण धेरै नमिल्दा कुरा छन् । युवाहरू सहर केन्द्रित भएर भ्रष्ट र असक्षम नेतृत्वको हतियार र मतियार बनिरहेका छन् । सहर प्रगतिको केन्द्र नभएर एक प्रकारको चक्रव्यूह हो । यसबाट मुक्ति पाउनका लागि युवा जमात सहरबाट बाहिर निस्कनुपर्छ र गाउँमा त्यतिकै बाँझो रहेको जमिनको उपयोग गर्नुपर्छ । यस कविताको मूल सन्देश यही हो ।

हाचेकालीको यस कविता कृतिको कवित्व प्रभावकारी छ । गद्य लयमा लेखिएको यस कवितामा कुनै अध्याय वा सर्गहरू छुट्याइएको छैन । कवितामा खास प्रकरणका लागि

एउटा अनुच्छेद छुट्याइनुबाहेक यसमा कुनै खण्ड वा भाग लगाइएको छैन । यसमा मूर्त आख्यान छैन । अर्जुनबहादुर र सुभद्रादेवीको छोरो अभिमन्यु आफ्नो थातथलोका रूपमा रहेको  दुर्गम पहाडी क्षेत्रबाट काठमाडौँ आएको छ । उच्च शिक्षा आर्जनको सपना बोकेर आएको अभिमन्यु काठमाडौँरूपी चक्रव्यूहमा नराम्री फस्छ । अनेक प्रकारका समस्याले ग्रसित भएर बसौंसम्म काठमाडौँमा रुमलिरहेको अभिमन्यु अन्ततः आफ्नै गाउँ फर्किने निर्णयमा पुग्छ र कविताको अन्त्य हुन्छ । यही झिनो आख्यान तन्तुलाई समातेर यसमा कवि आत्मालापी शैलीमा प्रस्तुत भएका छन् । नाम मात्रको आख्यानलाई टेकेर कवित्व विना रोकटोक अघि बढेको छ ।

यस कवितामा नेपाली संस्कृतिका बिम्बहरूको सुन्दर संयोजन पाइन्छ । सहरिया जीवनका जटिलताको चित्रणका लागि ग्रामीण नेपाली समाजका अनेक उपमाहरूको प्रयोग गरिएको छ । उपमाको प्रयोगमा कवि अत्यन्त सिपालु देखिन्छन् । केही उदाहरण हेरौँ :

मारबाडीको दोकानजस्ता प्लस टु कलेज (पृ. १५) ।

व्रतबन्ध भइसकेको ब्रह्मणपुत्रले
गायन्त्री मन्त्र बिर्सिए जस्तो
निर्मम बिर्सनाको सिकार भएको छ पञ्चशील (पृ. २१) ।

धुम्मिएको लेकजस्तो अनुहार (पृ. ३९) ।

हान्ने गोरुले जस्तो आँखा तर्दै (पृ. ३९) ।

अभिभावक मरिसकेपछिको जस्तो
यो टुहुरो सहर
आत्मा मरिसकेपछिको जस्तो
यो अनास्थै अनास्थाको सहर (पृ. ४९) ।

अङ्गेरीको झोलले
कुकुरको भुत्लाभित्र तिल्मिलाउने
सूक्ष्मकाय उपियाँजस्तो
रन्थनिएको छ मान्छे
महानगर चक्रव्यूहमा (पृ. ५२) ।

पिटिक्क पिटिक्क
नङकटुवा कोदो हातले चुँडेजस्तो
पिटिक्क पिटिक्क
सन्ठीको झिक्रा हातले भाँचेजस्तो (पृ. ५३)

माथिका उदाहरणहरुमा 'जस्तो, जस्ता', तुलनावाची शब्दहरूको प्रयोगबाट विभिन्न उपमाहरूको प्रयोग गरिएको छ । यस्तो प्रयोगले यसको कवित्वलाई प्रभावशाली बनाएको छ ।

## निष्कर्ष

सुरेश हाचेकालीद्वारा लिखित **चक्रव्यूह नगरमा अभिमन्यु** (२०७०) समकालीन नेपालको अवस्थालाई चित्रण गर्ने लामो कविता हो । नेपालमा अनेक समस्या छन् । शासन व्यवस्थामा देखिएको भ्रष्टाचारी र जनउत्तरदायीविहीन प्रवृत्तिका कारण देशका साधन स्रोतको उचित उपयोग हुन सकेको छैन । जनता गरिबीको मारमा छन् । युवाहरू बेरोजगार छन् र विदेश पलायन हुन बाध्य छन् । प्रतिभाशाली युवाहरू रोजगार र अवसरको खोजीमा काठमाडौँ केन्द्रित छन् । तर काठमाडौँले युवालाई अवसर दिँदैन । तिनका प्रतिभा त्यतिकै कुण्ठित हुन्छन् । त्यसैले आजका नेपाली युवाहरू, नेपाली युवा प्रतिभाहरू महाभारतको अभिमन्यु जस्ता अनि हाम्रो राजधानी काठमाडौँ र आजको नेपाली शासन व्यवस्था चक्रव्यूह जस्तो छ । यो चक्रव्यूहबाट पार पाउने मोक्षव्यूह भनेको काठमाडौँ छाडेर गाउँतिर जानु हो । गाउँमा गएर त्यहाँका बाँझा खेतबारीमा अनाज उब्जाउनु, स्थानीय स्रोत साधनको उचित उपयोग गर्नु र स्थानीय संस्कृति, मौलिकता, मूल्य, मान्यताको सवर्धन गर्नु नै आजको चक्रव्यूहबाट मुक्ति पाउनु हो । यही नै यस कविता कृतिको निष्कर्ष हो । गद्यलयमा लामो कविताको संरचनामा लेखिएको यस कृतिमा कवित्व प्रबल छ । विशेषगरी उपमा अलङ्कारको प्रयोग, नेपाली मौलिक बिम्बहरूको प्रयोगले यस कविताको आन्तरिक लय सशक्त र प्रभावकारी बनेको छ ।

## सन्दर्भ सामग्रीसूची

प्रधान, प्रतापचन्द्र (२०५९), **प्रतिनिधि आधुनिक नेपाली लामा कविता**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६४), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, (नवौँ संस्करण), ललितपुर : साझा प्रकाशन ।

हाचेकाली, सुरेश (२०७०), **चक्रव्यूह नगरमा अभिमन्यु**, काठमाडौँ : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, नेपाल च्याप्टर ।